# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड३७) काठमाडौं, फागुन १० गते २०४४ साल (संख्या ४४

## भाग ३

### श्री ५ को सरकार
### अर्थ मन्त्रालयको

#### सूचना १

श्री ५ को सरकारले अन्तःशुल्क ऐन, २०१५ को दफा १८ को उपदफा (१) र बिक्रीकर ऐन, २०२३ को दफा २१ ले दिएको अधिकार प्रयोग गरी लुम्बिनी विकास कोषअन्तर्गत म्यूजियम, पुस्तकालय, सेन्ट्रल लिंक ब्रिज र तत्सम्बन्धी थप निर्माण कार्यको लागि लुम्बिनी विकास कोषको सिफारिशमा प्राप्त इन्भ्वाइसबमोजिम लगत राख्ने गरी साम्बु कन्स्ट्रक्शन कम्पनी लि.ले स्थानीय उद्योगहरूबाट खरिद गर्ने निर्माण सामग्रीहरूमा लाग्ने अन्तःशुल्क तथा बिक्रीकर पूर्णरूपमा छुट दिने निर्णय गरेकोले यो सूचना प्रकाशित गरिएको छ।

#### सूचना २

श्री ५ को सरकारले भन्सार ऐन, २०१९ को दफा ९ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी साल्ट ट्रेडिङ कर्पोरेशन लिमिटेडले भारतबाट पैठारी गरेको ५००० मे.टन चिनीमा लाग्ने समिकारक महसुल छुट दिने निर्णय गरेकोले यो सूचना प्रकाशित गरिएको छ।

आज्ञाले,
लोकबहादुर श्रेष्ठ
श्री ५ को सरकारको सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

265